# नेपाल, गण्डकी प्रदेश, तनहुँ, व्यास नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड ६, संख्याः २, जेठ ३१ गते, २०७९ साल**


व्यास नगरपालिकाको नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# भाग २

## व्यास नगर समता आवासीय विद्यालय सञ्चालन कार्यविधि (प्रथम संशोधन), २०७९

कार्यपालिकाबाट स्वीकृत मितिः २०७९।२।२५

व्यास नगर समता आवासीय विद्यालय सञ्चालन कार्यविधि, २०७८ लाई संशोधन गर्न वाञ्छनीय भएकोले व्यास नगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५ को दफा ४ बमोजिम कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुने गरी निम्नानुसार संशोधन गरेको छः

१. **दफा ७ (१) (क)** “अध्यक्ष - वडा नं.७ का वडा अध्यक्ष” **भन्नेको सट्टा** “अध्यक्ष -व्यास नगर शिक्षा समितिले मनोनयन गरेको व्यक्ति” राखी संशोधन गरिएको छ ।

२. **दफा ७ (१) (ग)** “सदस्य - वडा नं.७ का सदस्य मध्ये १ जना” **भन्नेको सट्टा** “सदस्य - वडा नं.७ का वडा अध्यक्ष वा निजले तोकेको सदस्य मध्येबाट १ जना” राखी संशोधन गरिएको छ ।

३. **दफा ७ (३)** “पदेन बाहेक विद्यालय व्यवस्थापन समितिको पदावधि सामान्यतः ३ वर्षको हुनेछ । पदेन पदको कार्यकाल समाप्त भएमा नयाँ निर्वाचितले पदभार ग्रहण गर्नेछ” **भन्नेको सट्टा** “विद्यालय व्यवस्थापन समितिको पदावधि सामान्यतः ३ वर्षको हुनेछ” राखी संशोधन गरिएको छ ।

आज्ञाले
डिल्लीराम सिग्देल
प्रमुख प्रशासकीय अधिकृत